## शहीदनगर नगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

यदुकूहा , धनुषा

मधेश प्रदेश,नेपाल

***तेह्रौं सभाको बैठकमा***


*नगरपालिका नगर प्रमुख श्री दिनेश प्रसाद यादव मार्फत*


*कार्यपालिका सदस्य तथा वडा अध्यक्ष श्री मनोज कुमार दास द्वारा प्रस्तुत*

# आर्थिक वर्ष २०८२/०८३ को

## नीति, कार्यक्रम तथा बजेट

मिति २०८२ अषाढ ०९ गते सोमबार


धनुषा जिल्ला
शहिदनगर नगरपालिका
Sabaila Nagarpalika
Siraha
Hansapur Nagarpalika
Aurahi Gaunpalika
Kamala Nagarpalika
N
1
2
3
4
5
6
7
8
9


Yadukuha Police Station
Dhabouli Champawati Temple
Hathipurharbara
हठिपुरहरवारा
Google

# शहीदनगर नगरपालिकाका नगर प्रमुख श्री दिनेश प्रसाद यादव मार्फत कार्यपालिका सदस्य तथा वडा अध्यक्ष श्रि मनोज कुमार दास ज्यूबाट

## प्रस्तुत शहीदनगर नगरपालिकाको तेह्रौ नगर सभाबाट पारित हुने आ.व.२०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम सम्बन्धी संक्षिप्त वक्तव्य

..................................................

शहीदनगर नगरपालिकाको तेह्रौं नगर सभाबाट पारित हुने आ.व. २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रमका
प्रमुख अतिथी ज्यू,
नगर उप प्रमुख ज्यू ,
प्रमुख प्रशासकिय अधिकृत ज्यू,
वडा अध्यक्ष ज्यूहरु ,
कार्यापालिका सदस्य ज्यूहरु,
नगर सभाका सदस्य ज्यूहरु,
सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि ज्यूहरु
विषयगत शाखाको प्रमुख ज्युहरु
वडा सचिव ज्यूहरु, तथा उपस्थित अन्य कर्मचारी ज्युहरु , समाजसेवी, बुद्धिजीवी, पत्रकार बन्धु तथा सहयोगी साथीहरु र
यस सभामा उपस्थित अन्य महानुभावहरु समेत ।

यस शहीदनगर नगरपालिकाको तेह्रौं नगर सभाबाट आ.व. २०८२/०८३ को नीति, बजेट, कार्याक्रम तथा अन्य निर्णयहरु प्रस्तुत हुने समारोहको शुभ घडीमा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई नयाँ नेपालको परिकल्पना भित्र शहीदनगर नगरपालिकाको उज्वल भविष्य सुनिश्चत गर्ने सोचका साथ शहीदनगर नगरपालिकाको तेह्रौ नगर सभाबाट पारित हुने आ.व. २०८२/०८३ को नीति बजेट तथा कार्याक्रम एवं अन्य निर्णयहरु प्रस्तुत हुने समारोहको यस गरिमामय अवसरमा आफ्नो अमूल्य समय दिई हाम्रो निमन्त्रणालाई सहजरुपमा स्वीकार गरी समारोहमा पाल्नु भएकामा सबै महानुभावहरुमा म आफ्नो व्यक्तिगत तर्फबाट र शहीदनगर नगरपालिकाको तर्फ बाट हार्दिक स्वागत र सम्मान व्यक्त गर्दछु ।

आफनो क्षेत्रको विकासको लागि स्रोत साधनको सन्तुलित परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानरुपमा वितरण गरी सामाजिक समानता कायम गर्न विकासमा सबै वर्गका जनताको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न नेपालको संविधान एवं स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम व्यापक अधिकार प्राप्त नगर सभाबाट पारित हुने आ.व. २०८२/०८३ को नीति, बजेट तथा कार्यक्रम एवंम सभाका निर्णयहरु सम्पुर्ण नगरसभाका सदस्यहरु समक्ष प्रस्तुत गर्न पाँउदा म लगायत सिंगो नगरपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ विभिन्न काल खन्डमा भएका ऐतिहासिक संघर्ष र जन आन्दोलन तथा मधेश आन्दोलनमा तथा जनयूद्ध सहित सम्पूर्ण अधिकारवादी आन्दोलन, देश र जनताको लागि आफ्नो प्राण उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात महान शहीदहरुप्रति अत्यन्त निष्ठापुर्वक आफनो श्रद्धा सुमनअर्पण गर्दै वहाँहरुको आत्माको चिर शान्तिको कामना गर्दछु र सम्पूर्ण शहीद परिवारहरु प्रति सम्मान समेत व्यक्त गर्दछु । साथै विभिन्न चरणका

आन्दोलनका क्रममा घाइते भइ शारीरिक तथा मानसिक रुपमा अशक्त हुनु भएका महानुभावहरु प्रति हार्दिक सहानुभुति प्रकट गर्दै वहाँहरुको सहज जीवन यापनको कामना गर्दछु ।

**आदरणीय महानुभावहरु ,**

विकास प्रक्रियालाई सरल, सहज, जनमुखि, पारदर्शी एवं प्रभावकारी रुपमा अगाडी बढाउन व्यवस्थित योजना तर्जुमालाइ पुर्व शर्त मानिन्छ । जनताले आफनो आवश्यक्तालाई सम्बोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने अवधारणा अनुरुप न्यूनतम समयको उपयोग गर्दै आ.व. २०८२/०८३ को लागि टोल-टोल वस्ति-वस्ति बाट सहभागिता मूलक पद्धती अनुसार योजना संकलन गरी वडा  भेला बाट  प्रस्तावित योजना तथा कार्यक्रम उपर नगर कार्यपालिकामा छलफल गरी तयार पारिएको एकीकृत योजना को नीति आजको यो एघाह्रौ नगर सभामा पारीत गर्नको निमित पेश गर्दछु ।  प्रस्तुत बजेट योजना, तथा कार्यक्रम आ. ब. २०८२।०८३  भित्रै समपन्न हुने गरी तयार पारेको छु । शहीदनगर नगरपालिकाको विद्यमान सम्भावनाहरुलाई समान प्राथमिकताका साथ गम्भिर भएर परिचालन गर्नु पर्ने चुनौती हामी सामु आएको छ । जसको सामना विकासमा सहमतिको नाराले मात्र गर्न सकिने देखिन्छ । शहीदनगर नगरपालिकालाई सही दिशा प्रदान गर्न विगतका प्रयासहरुको समिक्षा गरी त्रुटीहरुलाई दोहरीन नदिई सफलताहरुको अनुकरण तथा परिवर्तित सन्दर्भलाइ सम्बोधन गर्ने गरी नयाँ अभ्यासहरुको थालनी गर्नु अनिवार्य देखिएको छ ।

**आदरणीय महानुभावहरु,**

सबै पक्ष सकारात्मक हुँदाहुँदै पनि शहीदनगर नगरपालिकाको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मूलभुत चुनौतीहरुलाई सामना गर्न देहाय बमोजिमको नीति यस नगरपालिकाले लिएको छ ।

विकासका विभिन्न आयामहरु मध्ये आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, राजनैतीक तथा प्रशासनिक विकासमा गत विगत भन्दा आर्थिक बर्ष २०८२।०८३  मा धेरै चुनौतीहरुलाई सामना गर्दै सकारात्मक उपलब्धि हुने कुरा आमजनतालाई महशुस गराउने छु । तथापी चुनौती रहीत भने छैन त्यसैले विकासका हरेक पक्षमा भएका समस्याहरुलाई औल्याउँदै त्यसमा आएका चुनौतीहरुलाई सामना गर्दै सकारात्माक उपलब्धि हासिल गर्ने  उद्देश्य लिई आर्थिक वर्ष २०८२/०८३ को बजेट तयार गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

अब म यस गरिमामय समारोह समक्ष नगर सभाबाट पारित हुने आर्थिक वर्ष २०८२/०८३ को मुख्य मुख्य नीति, योजना तथा कार्यक्रमहरुको बारेमा संक्षिप्त रुपमा प्रकाश पार्ने अनुमति चाहन्छु ।

**पूर्वाधार तथा संरचना विकास**

- ❖ विगतका अधुरो योजनाहरुलाई पुर्णता दिईने छ ।
- ❖ व्यवस्थित नभएका वडा कार्यालय र स्वास्थ्यसंस्थाहरुको भवन निर्माणको कार्यलाई प्राथमिकतामा राखी आगामी आ.व. मा भवन निर्माणको लागि आवश्यक स्रोत विनियोजन गरिनेछ । साथै हाल संचालनमा रहेका वडा कार्यालय  तथा स्वास्थ्य संस्थाहरुका भवनलाई आवश्यकता अनुसार मर्मत सम्भार गरी सुविधा सम्पन्न सहित आधुनिक सूचना प्रविधि मैत्री र अपाङ्ग मैत्री बनाउन आवश्यक स्रोतको व्यवस्थान गरिने नितिलाई निरन्तरता दिइनेछ ।
- ❖ सुरक्षित तथा ब्यवस्थित शहरीकरणको लागि नक्सापास कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ । नक्सापास दस्तुर तथा दण्ड जरिवाना वापतको रकमलाइ सामायिक बनाइने छ । अनुमति नलिई बिगतमा निर्मित घरहरुको नगरपालिकाले तोके बमोजिमको जरिवाना दस्तुर लिई अभिलेखीकरण गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

- ❖ सार्वजनिक सम्पति अतिक्रमण लाई रोक्न आवश्यक निति लिई कार्यक्रम संचालन गरिने छ ।
- ❖ नगरका सबै वडालाई सडक संजाल संग जोडन चक्रपथ ( Ring Road) निर्माणका लागि सम्भाव्यता थप अध्ययन र DPR लगायतका लागि प्रक्रिया अगाडी बढाइने नितिलाई निरन्ता दिइनेछ
- ❖ वडा वडा, गाउँ गाउँ र टोल टोल जोड्न सडक संजालको काम तिव्र रुपमा संचालन गरिनेछ ।
- ❖ नगर भित्रका सडक तथा कल्भर्ट निर्माणका कार्यहरु प्राथमिकताका साथ संचालन गरिनेछन् ।
- ❖ सेवाग्राहीले कुनै किसिमको निर्माण गर्दा बनेको संरचनामा कुनै किसिमको हानि नोक्सानी भए त्यसको मर्मत र क्षति पूर्ति स्वयं सेवाग्राहीले गर्नुपर्ने र नगरेको खण्डमा नगरपालिकाले असुल उपर गर्न बाध्य हुनेछ ।
- ❖ वातावरण सन्तुलन तथा हरित नगरको रुपमा यस नगरपालिकालाई देशमा चिनाउनलाई बन्दै गरेको नया सड्क र पुराना सडकहरुको पेटीमा व्यावसायीक बृक्षारोपन कार्य गरिने छ ।
- ❖ अधुरो योजनाहरु कार्यान्वियन गर्न तथा मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।
- ❖ साना सिंचाईका कार्यक्रमहरु कृषकको माग अनुसार कार्यान्वियन गरिनेछ । जस्तै स्यलो ट्युबवेल, पम्पसेट वा मोटर पम्प आदि ।
- ❖ भूमिगत प्रयाप्त पानी भएको ठाउमा डिप बोरिंग जडान गरि सुगम र सुलभ सिचाईको लागि भूमिगत पाईप लाइन वितरण गरिनेछ ।
- ❖ इन्डक्सन चुलो वितरण कार्यक्रम संचालन गरिनेछ र बातावरण मैत्री कार्यहरुलाई नगरपालिकाले प्रोत्साहन गर्नेछ ।
- ❖ नगरक्षेत्रका आवासलाई व्यवस्थित बनाउन पूर्णरुपले भवन आचारसंहिता कार्यान्वियन गरिनेछ ।
- ❖ . एकीकृत नगर विकास योजना तथा आवधिक योजना तर्जुमाको काम अगाडी बढाइने छ ।

## <u>जनसंख्या तथा सामाजिक विकासः-</u>

- ❖ विगतका अधुरा योजना तथा कार्यक्रमहरुलाई पुर्णता दिईने छ ।
- ❖ युवा यूवतीहरु समेतको शारीरिक तथा मानसिक विकासका लागि खेलकुद मैदानको व्यवस्था तथा खेलाडीहरुलाई आधारभूत सामग्री तथा पोशाकहरु उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइने छ ।
- ❖ स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।
- ❖ महिला, युवा, अपांगता भएका नागरिक र यौनिक अल्पसंख्यकहरुको सीप, कला र क्षमता अभिबृद्धिको लागि स्थानीय निकाय र गैर सरकारी संघ संस्थाहरु सँग सहकार्य गरी विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप स्तरीय तथा सशक्त ढंगबाट कार्यान्वियन गरिने छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना लगायतका योजना तथा कार्यक्रमहरुको कार्यान्वियनका लागि योजना तथा कार्यक्रमहरु निर्माण, विनियोजित संघिय तथा स्थानीय स्रोतको बजेट बाँडफाँड, लाभग्राहि तथा श्रमिकहरुको छनोट, लगायतका क्रियाकलापहरु कार्यक्रम कार्यान्वियका लागि गठित स्थानीय निर्देशक समितिले पेश गरे बमोजिम गराईने छ ।

## <u>महिला, बालबालिका तथा अन्य लक्षित बर्गः-</u>

- ➢ बालश्रम मुक्त स्थानिय तह बनाउनको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

- बालबिबाह न्युनिकरण गर्न गैर सरकारि संस्थाहरुको सहयोगमा आवश्यक कार्यक्रम संचालन गर्न बालबिवाह न्युनिकरण गरिने नीतिलाइ निरन्तरता दिइने छ।
- महिला हिंसा न्युनिकरण गरी पुर्ण रुपमा उनमुलन गरी आवश्यक कार्यक्रम संचालन गरिने छ।
- महिला , बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको हकहितको निम्ति आवश्यक ऐन , नियम तथा कार्यविधि बनाइने तथा संसोधन कार्यको लागि आवश्यक बजेट व्यवस्था गरिने छ।
- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।
- गृहिणीहरुलाई उत्पादन मुलक कार्यक्रमहरुमा संलग्न गराउन उद्यमी गृहिणी कार्यक्रम संचालन गरीनेछ। उनीहरुको रुची र दक्षताको क्षेत्रको आधारमा उद्यमशिलता सम्बन्धी सिप मुलक तालिमको व्यवस्था गरीनेछ।
- दलित एवं पछाडी परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रकियाको मुलधारमा सहभागिता अभिवृद्धि गर्दै सशक्तीकरण क्षमता विकास, सीप विकास एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि परिचयपत्र वितरण सम्बन्धि कार्यविधिलाई आवश्यकतानुसार नियम बमोजिम संशोधन गरी कार्यान्व्यिन गरिने छ।
- अपाङ्गता भएका ब्यक्तिहरुको लागि आवश्यकतानुसार सहायता सामाग्री खरीद गरिने छ।

## वातावरण संरक्षण, खानेपानी तथा सरसफाईः-

१. वातावरणीय सरसफाई एवम स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत सार्वजनिक शौचालय निर्माण र मर्मत संभारको उचित व्यवस्थापन गरीने कार्यलाई निरन्तरता दिइने छ ।

२. खाली पर्ती, बाँध, तटबन्ध, सडक किनार जग्गामा उपभोक्ता समूह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपण कार्यक्रमको लागि दात्रि संघ संस्थाहरु संग आवश्यक समन्व्य गरी कार्य संचालन गरिने छ।

३. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि पालिका भरीको खानेपानिलाई सम्बन्धित निकाय संगको समन्वयमा परिक्षण कार्यलाई तिब्रताको साथ अगाडी बढाईने छ।

४. स्वच्छ खानेपानीमा सबैको पहुँचको लागि हयान्ड पाईप खरिद तथा जडानको अवधारणा ल्याईनेछ। तर दलित, गरीव, असहाय विपन्न तथा अल्पसंख्यक परिवारलाई प्राथमिकता दिई उक्त कार्यलाई अभियानको रुपमा अगाडी बढाईने नितिलाइ निरन्तरता दिइने छ।

## शिक्षा तथा स्वास्थ्यः-

१ प्राथमिक स्वास्थ्य केन्द्र यदुकूहालाई सौन्दरीकरण गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

२. स्वास्थ्य संस्था सुधार अभियान अन्तर्गत अगामी ३ वर्ष भित्र सम्पुर्ण स्वास्थ्य संस्थाहरुको पूर्वाधार व्यवस्थित बनाईने छ।

३. आ.ब.२०८२/०८३ मा कुनै १ वटा स्वास्थ्य संस्थालाइ पाइलोटिङको रुपमा Fully Digitalised स्वास्थ्य संस्था बनाइ अगामी ३ बर्ष भित्र प्रत्येक प्रत्येक स्वास्थ्य संस्थामा विस्तार गरिने छ।

४. ज्येष्ठ नागरीक संग नगर प्रमुख कार्यक्रमलाई थप शसक्त तथा व्यवस्थित बनाउदै आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

५. न्युनतम सेवा मापदण्डको स्कोरको अधारमा स्वास्थ्य संस्थाहरुको सेवा सुदृढ गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

६. दिर्घरोगबाट नगरवासीहरुले भोगदै आइरह्नु भएका समस्याहरु लाई न्युनिकरण गर्न दिर्घ रोग खोजपडतालको लागि विशिष्ट स्वास्थ्य शिविरहरु संचालन गरीने छ।

७. स्वास्थ्य सेवालाई थप व्यवस्थीत बनाउनको लागि पालिकाको स्वास्थ्य ऐन , निति , रणनिति तथा स्वास्थ्य प्रोफाईल तयार गर्नको लागि आवश्यक वजेटको व्यवस्थापन गरीने छ।

८. क्षयरोग मुक्त शहीदनगर बनाउनको लागि संघिय सरकार बाट बिनियोजन तथा स्वीकृत भएको बजेट तथा कार्याक्रमलाई प्रभावकारी बनाउन पालिका बाट समेत आवश्यक बजेट तथा कार्यक्रम संचालन गरिनेछ

९. पुर्ण पोषित शहीदनगर बनाउनको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।

१०.स्वास्थ्य चौकी धबौली र स्वास्थ्य चौकी बालाबाखरमा बर्थिङ सेन्टर संचालन यथासक्य चाँडो सुरुवात गरी थप १ वटा स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर संचालनको लागि आवश्क व्यवस्थापन गरिने नितिलाई निरन्तरता दिइने छ।

११.महिला सामुदायिक स्वास्थ्य स्व्यं सेविकाहरुलाई सेवा प्रबाहमा सहजिकरण गर्नको निमिति प्रोत्साहन स्वरुप साईकल वितरण गर्न आवश्यक बजेटको विनियोजन गरिने छ।

१२.सुनौलो हजार दिनको महत्वको बिषयमा जनचेतना फैलाउनको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।

१३.सुरक्षित मातृत्व सेवालाई थप सुदृढीकरण गर्नको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।

१४ स्वास्थ्य संस्थाहरुको तथ्याकं गुणस्तर लेजाजोखा (Routing Data Quality Assessment– RDQA), न्युनतम सेवा मापदण्ड लेजाजोखा (Minimum Service Standard, MSS Assessment) र समिक्षा कार्यलाई व्यवस्थित बनाइने छ र सोको लागि आवश्यक बजेटको व्स्था गरिने छ।

१५.आ.ब.२०८२/०८३ देखी पालिका अर्न्तगतका नागरीकहरुको ***स्वास्थ्य आँखा अभियान*** संचालन गरी आँखाको स्वास्थ्य परिक्षण लगायतका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ । साथै बिद्ययालमा अध्यनरत विद्यार्थिहरुको आँखा र कान परिक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ।

१६. स्वास्थ्य र शिक्षामा विगत बाट संचालनमा रहेका योजना तथा कार्यक्रलाई निरन्तरता दिइने छ।

१७.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न विशेष ध्यान दिइनेछ।

१८. एक पालिका एक नमुना विद्यालय कार्यक्रम क्रमशः गरिदै लगिनेछ।

१९.सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ठाउँमा दरबन्दी मिलान गर्दै विद्यालय सुधारका कार्य अगाडी बढाइनेछ र न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिकैको विद्यालयमा मर्ज गरि शिक्षक दरबन्दी समेत मिलान गरिनेछ।

२०.कमजोर सिकाई उपलब्धी भएका विद्यार्थीहरुलाई शैक्षिक सुधार गर्न अतिरिक्त कक्षा संचालनको लागी रकम उपलब्ध गराईनेछ।

२१. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराईनेछ।

२२.बालविकास सहजकर्ता विकास तालिम र शिक्षकहरुको पेशागत तालिम प्रदान गरिनेछ।

२३. विद्यालय सहायक र प्र.अ. लाई SIP, IEMIS र लेखा सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ।

२४. एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार कार्यक्रम संचालन गरिनेछ।

२५. विद्यालयको भौतिक विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. उत्कृष्ट विद्यालयको प्रधानाध्यापक र शिक्षकलाई पुरस्कारको व्यवस्था मिलाइनेछ।

२७.सबै विद्यालयमा वि. स.अ. र शि.स. व्य. रहने सुनिश्चितता गरिनेछ।

२८. एक घर पाँच योग पाँच जडिबुटी कार्यक्रमलाई निरन्तरता दिइने छ।

२९. नागरीक आरोग्य सेवा किल्निक र पंचकर्म जस्ता कार्यक्रमहरुलाई थप स्तरीय बनाई निरन्तरता दिइने छ

३०. पुर्णपोषित शहीदनगर नगरपालिका अभियन लाई पुर्णरुपमा सार्थक बनाउन बहुक्षेत्रिय पोषण योजना अर्न्तगतका कार्यक्रमहरुलाई थप सस्कक्त बनाउदै लगिने छ।

३१. प्राथमिक स्वास्थ्य केन्द्र , यदुकुहाको बर्थिङ सेन्टरलाई थप व्यवस्थित र स्तरीय बनाउनको लागि आवश्यक रकम बिनियोजन गरिने छ।

३२. नागरीकहरुको एम्बुलेन्स सेवामा सरल पहुँच हुने एउटा कार्यविधि  जारी गरिने छ । साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड बमोजिमको थप एम्बुलेन्स आपुर्तिको लागि आवश्यक पहल गरिने छ ।

३३. प्राथमिक स्वास्थ्य केन्द्र यदुकुहामा स्वास्थ्य विमा कार्यक्रमलाई थप  विस्तार गरी बिमामा आवद्ध सेवाग्राहीहरुलाई फार्मेसी सेवा समेत दिने गरी उक्त सेवा लाई थप व्यवस्थित गरी संचलन गरिने छ ।

३४. थप बालबिकास केन्द्र स्थापना गरिने छ ।

३५. कार्यसम्पादनको अधारमा उत्कृष्ट बिद्यालय , शिक्षक र प्र.अ. तथा स्वास्थ्यकर्मीहरुलाई छनौट गरी पुरिस्कृत गरिने छ ।

३६. राष्ट्रपति कप खेलकुदको लागि आवश्यक बजेट बिनियोजन गरिने छ ।

३७. क्षयरोग मुक्त अभियान कार्यक्रमलाई शशक्त रुपमा कार्यन्वय गर्न समाजिक सुरक्षा भत्ता संग लिंक गर्ने गरी आवश्यक निर्देशिका तथा कार्यविधि जारी गरिने छ ।

## कृषि विकास तथा सहकारीः-

१. कृषि भुमिलाई बाह्रै मास सिन्चित गर्नलाई "सिचाइमे लगानि किसानमे खुशियाली□ नारा लाई सार्थक बनाउँदै डिप ट्यूबेल, स्यालो ट्यूबेल तथा साना सिँचाई आयोजनाहरुलाई प्रदेश सरकारसँग समन्वय गरी संचालन गरिनेछ ।
२. नगरको उत्पादन बजारमा बजारीकरण गर्नको निमित उचित व्यवस्था गरिनेछ ।
३. कृषि उपजमा किटनाशक औषधीको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईनेछ ।
४. हरियो घाँसको खेतिलाई बढावा दिई विविध पशुजन्य उत्पादनलाई समवर्द्धन प्रवर्द्धन गरिनेछ ।
५. कृषकको आत्म निर्भरताको लागि विभिन्न कृषि उत्पादन कार्यकम संचालन गरीनेछ ।
६. पशु पंक्षी तथा मत्स्य पालनका लागि आवश्यक उन्नत नश्ल माछाका भुरा, उन्नत घाँसका बिऊको उचित व्यवस्थापकिय कार्यलाई अगाडि बढाईनेछ । साथै माछा सुपरजोनको कार्यलाई निरन्तरता दिईनेछ ।
७. माछा बाली खेतीलाई व्यवस्थापन गरी माछा निर्यात क्षेत्र घोषणा गरीने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
८. पशु खोप तथा परजीवी कार्यकमलाई निरन्तरता दिईनेछ ।
९. किसानहरुलाई प्रोतसाहन गर्नको निमित किसानलाई सम्मान गर्ने कार्यकम संचालन गरीनेछ ।
१०. माटो बचाऊ अभियान कार्यकम अन्तर्गत माटोको उर्वारा शक्ति बढाउनको निमित्त किटनाषक औषधिलाई निरुतसाहित गर्दै प्राङ्गारिक मल उत्पादन गर्ने किसानलाई प्रोत्साहन गरीने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
११. जलवायु परिवर्तनको कृषि तथा मानव स्वास्थ्य मा असर न्युनिकरण
१२. जलवायु परिवर्तनको कारणले कृषि उत्पादनमा परेको असर न्युनिकरण गर्न जलवायु मैत्री कृषिको लागि आवस्यक कार्यक्रमहरु संचालन गरिने छ ।
१३. माटो परिक्षण गर्ने र सुख्खा सहन सक्ने तथा कम पानीमा हुने बालीको पहिचान गरेर आवस्यक कार्यक्रमहरु संचालन गरिने छ ।
१४. जलवायुमैत्री आर्थिक रुपान्तरण मार्फत महिला सशक्तिकरण गर्न आवस्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
१५. जलवायु परिवर्तनको कारणले महिला तथा  किशोरीहरुको शारिरिक तथा मानसिक स्वास्थ्यमा परेको असर न्युनीकरण गर्न आवस्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
१६. प्राकृतिक श्रोतमा महिलाको भूमिका प्रवर्धन गर्न र  गैर कृषि मुलक आयअर्जन कार्यक्रम संचालन गरिने छ ।
१७. प्रकृतिमा आधारित स्थानीय कृषि -खाद्य प्रणालीहरूको विस्तार गर्न क्षमता अभिवृद्धी मुलक कार्यक्रम संचालन गरिनेछ ।

१८. पुनर्जीवित कृषिको अभ्यास र  जैविक खेतीको प्रवर्धनको लागि आवस्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**राजस्वः-**

१. एकीकृत सम्पति कर लागु गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ ।

२. उद्योग व्यवसायीसंगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरामा ल्याइने छ ।

३. वार्षिक रु १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिईने छ ।

४. नगरपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घरदैलो सेवा उपलब्ध गराइने निति अवलम्वन गरिनेछ ।

५. एकीकृत सम्पति कर, व्यवसाय कर, घर बहाल कर तथा राजस्व परामर्श समिति कार्य सञ्चालन कार्यविधि बनाइनेछ ।

६. राजस्व परामर्श समितिलाई अझ सक्रिय र सशक्त बनाईनेछ ।

७. राजस्व परामर्श समिति अध्ययन प्रतिवेदन र राजस्व प्रक्षेपण सहित राजस्व सुधार कार्ययोजना बनाइनेछ ।

**प्रशासन सुशासन तथा पारदर्शिताः-**

१. नगरपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समायानुकुल सुधार्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्यविवरण तयार गरी अद्ययावधिक गर्दै लगिनेछ ।

२. नगरपालिकाका कर्मचारीहरुलाइ नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता बापतको रकम उपलब्ध गराइ तोकिएको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउने व्यवस्था गरीने छ।

३. कार्यालयका कर्मचारीहरुमा स्वछ आचरणको निर्माण गरी सेवाग्राही प्रति मर्यादितपूर्ण व्यवहार गर्ने नीतिलाई प्रभावकारी बनाइने छ ।

४. e-governance को अवधारणा बमोजिम नगरपालिकाको क्रियाकलापलाई लगिने नीति लिइनेछ ।

५. समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणली लाई सुदृढीकरण गर्नको निमित स्रोत साझेदारी गरी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. नगरपालिका क्षेत्रमा सुशासन तथा अनुशासन कायम गर्न नगरमा (नगर) प्रहरीको व्यवस्था विषयलाई प्राथमिक्ताको साथ अगाडी बढाइने छ ।

७. पालिकामा आवश्क कार्याविधि बनाई कर्मचारी कल्याण कोषको स्थापना गरिने छ ।

८. फरक क्षमता भएका व्यक्ति तथा अनाथ बच्चा र असहाय एकल महिलाका लागि बिशेष संरक्षणको निम्ती आवश्यक बजेट छुटयाइने छ ।

**धार्मिक सांस्कृतिक :-**

१. शहीदनगर नगरपालिकाले आफनो धार्मिक सांस्कृतिक परमपरा, रितिरिवाजलाई संरक्षण संवर्द्धन गर्नेछ ।

२. ग्रामिण तथा कृषि पर्यटनलाई प्रभावकारी बनाउन विभिन्न धार्मिस्थलहरु, विविध कृषि खेती तथा पोखरी संरक्षणको लागि आवश्यक पहल गरीने नितिलाई कडाइका साथ कार्यानव्यन गरिने छ ।

अन्य :-

१. बेरोजगारमा रहेका युवा तथा दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिलाई सोहि बमोजिम व्यवस्थापनको लागि लघु उद्यम, सीपमुलक तथा अन्य आय आर्जन कार्यक्रमलाई प्राथमीकता दिईनेछ ।

२. यस नगरपालिकावाट संचालन भएको वा हुने सवै प्रकारक पूर्वाधार वा अन्य बहुवर्षिय योजना तथा कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

३. घरेलु तथा साना उधोगहरुको प्रबर्धन गर्न विभिन्न सरोकार वलाहरुको सहयोगमा सीप तथा उधमशिलता विकास तालिम सुचना प्रवाह प्रविधि हस्तान्तरण जस्ता कार्य संचालन गरीनेछ ।

४. सडक पेटी, खुल्ला अकाश तथा बेसहारा मानिसको लागि मानव सेवा आश्रमको अवधारणा लाई अनुसरण गरीनेछ ।

५. शहीदनगर नगरपालिकाको लागी यथार्त तथा वस्तुपरक सूचना सम्प्रेशन गर्ने पत्रकार तथा संचार माधयम लाई प्रोत्साहन गरीनेछ ।

६. यस नगरपालिकाको शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई प्रोत्साहनको लागि विमा कार्यक्रम संचालन गरीनेछ ।

७. चिकित्सा सेवा आयोग वाट संचालन हुने एकिकृत प्रवेश परीक्षा (MBBS) अध्ययन गर्नको लागि यस नगरपालिका क्षेत्र भित्रको एक जना विद्यार्थिलाई प्रत्येक वर्ष अवास सहितको (MBBS) अध्ययन छात्रवृति उपलब्ध गराईने नितिलाई निरन्तरता दिइने छ ।

**आदरणीय माहानुभावहरु,**

**आर्थिक वर्ष २०८२/०८३ को लागि आय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छु ।**

संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान १२ करोड ७० लाख, संघीय सरकार सशर्त अनुदान २६ करोड १४ लाख, संघीय सरकार विशेष अनुदान ६८ लाख, संघीय सरकार सम्पुरक अनुदान १ करोड ८५ लाख, संघीय राजश्व बाँडफाँड तर्फ ११ करोड ४१ लाख, प्रदेश सरकारको अनुदान तर्फ वित्तिय समानिकरण अनुदान ८८ लाख ५८ हजार, विशेष अनुदान ३० लाख, सम्पूरक अनुदान ३० लाख र राजश्व वाँडफाँड बाट ६५ लाख ५६ हजार, आन्तरिक आय तर्फ २ करोड, आन्तरिक स्रोत तर्फको राजश्व वाँडफाँड स्थानीय ३० लाख, अ.ल्या रकम ५ करोड ५० लाख गरी कूल रकम ६२ करोड ७२ लाख ३५ हजार को आय तथा सोही बजेट बराबरको ब्याय अनुमान गरेको छु ।

**<u>शहीदनगर नगरपालिकाको आ.ब. २०८२/०८३ को संक्षिप्त बजेट</u>**

**<u>अनुमानित आयको विवरण</u>**

| विवरण | आन्तरिक स्रोत | राजश्व वाँडफाँडबाट प्राप्त हुने रकम | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | कुल बजेट |
|---|---|---|---|---|---|---|---|
| संघ | - | ११४१२१२२८ | १२७०००००० | २६१४००००० | ६८००००० | १८५००००० | **५२७८२१२२८** |
| प्रदेश | - | ६५५६१८० | ८८५८००० | - | ३०००००० | ३०००००० | २१४१४१८० |
| आ. स्रोत | २०००००००० | ३०००००० | - | - | - | - | २३०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अ.ल्या. | ५५००००००० | - | - | - | - | - | ७००००००० |
| **जम्मा** | ७५००००००० | १२३६७७४०८ | १३५८५८००० | २६१४००००० | ९८००००० | २१५००००० | ६२७२३५४०८ |

<u>**अनुमानित व्यायको विवरण**</u>

| क्र.सं. | शिर्षक विवरण | रकम |
|---|---|---|
| १ | संघीय सरकार शशर्त अनुदान | २६१४००००० |
| २ | संघीय सरकार सम्पुरक अनुदान | १८५००००० |
| | संघीय सरकार विशेष अनुदान | ६८००००० |
| ३ | प्रदेश सरकार सशर्त अनुदान | ० |
| ४ | प्रदेश सरकार सम्पुरक अनुदान | ३०००००० |
| ५ | प्रदेश सरकार विशेष अनुदान | ३०००००० |
| ६ | नगर स्तरिय/ वडा स्तरिय कार्यक्रम संचालन तथा प्रशासनिक खर्च | ३३४५३५४०८ |
| | जम्मा | ६२,७२,३५,४०८ |

उपरोक्त उल्लेखित रकम बाहेक नेपाल सरकारबाट प्राप्त हुने रकम प्राप्त भएका बखत समेत सभामा पेश गरिनेछ । यसै गरी व्यय तर्फ राजश्व बाँडफाँडबाट प्राप्त रकम चालु खर्च तर्फ खर्च हुनेछ भने सशर्त अनुदानबाट प्राप्त रकम तोकिएकै कार्यक्रम बमोजिम खर्च हुने छ । समानीकरण बाट प्राप्त रकम पुर्णतया विकास कार्यक्रममा खर्च हुने छ ।

उपर्युक्त उल्लेखित प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको महत्तम उपयोग र समन्वयायीक वितरण भई नागरिकको जीवनस्तरमा सुधार हुने र उच्च तथा फराकिलो आर्थिक वृद्धि हुने अपेक्षा गरेको छु । सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिवृद्धि भई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । अन्तमा यो नीति तथा कार्यक्रम सार्वजनिक सामारोहमा उपस्थित प्रमुख अतिथि, नगर उप प्रमुख, वडा अध्यक्ष ज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु र अन्य उपस्थित सबै महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा सँलग्न प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरु तथा विज्ञ समेतलाई धन्यवाद दिनु चाहन्छु । नीति तथा कार्यक्रम नगरपालिकाको समृद्धिको लागि यो नीति तथा कार्यक्रममा सल्लाह सुझाव दिनु हुने विभिन्न राजनितिक दलको नेता ज्यूहरु, विभिन्न पेशा व्यवसायी संघ संस्था, विकासका साझेदारहरु, नागरीक समाज, संचारकर्मी, करदाता र नगरपालिका भित्र र नगरपालिका बाहिर बस्ने सम्पूर्ण नगर बासीमा सहयोग र सदभावको लागि धन्यवाद व्यक्त गर्दछु । साथै नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोग रहनेछ भन्ने पुर्ण विश्वास लिईएको छु ।

<u>**योजना तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई आधारको रुपमा लिईएको छः**</u>

- नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु ।
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्यप्रणाली ।
- नेपालको संविधानको अनुसूची - ८ बमोजिम कर लगाउन पाउने क्षेत्र ।
- पन्धौं त्रिवर्षिय योजना ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ।
- योजना तर्जुमा दिग्दर्शन २०७४ ।
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान ।
- बजेटको सिद्धान्त उद्देश्य र प्राथमिकता ।

- नेपाल सरकारको आ.व. २०८२।०८३ को बजेट वक्तव्य
- मधेश प्रदेश सरकारको आ.व. २०८२।०८३ को बजेट वक्तव्य
- अन्य बजेट सम्बन्धी उपलब्ध सामग्रीहरु ।

**<u>बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु</u>**

१. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन

२. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

३. वस्ती / टोल स्तरबाट योजना छनौट

४. वडा स्तरीय योजना प्राथमिकिकरण

५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

६. कार्यपालिकाबाट स्वीकृती

७. सभाबाट स्वीकृति

**<u>आयोजना प्राथमिकीकरणका मुख्य आधारहरु</u>**

- ❖ गरिवी न्यूनिकरण, रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने,
- ❖ क्रमागत , उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- ❖ आन्तरिक राजस्व वृद्धि र परिचालनमा योगदान पुर्याउने,
- ❖ स्थानीय श्रोत, साधन, श्रम, सीप र प्रविधिमा आधारीत,
- ❖ जनसहभागिता अभिवृद्धि गर्ने ,
- ❖ लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ,
- ❖ दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
- ❖ स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- ❖ सेवा प्रवाह ,संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने,
- ❖ गुणस्तरीय अधारभुत शिक्षा र स्वास्थ्य नागरिकलाई प्रत्यभुत हुने छ ।
- ❖ स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

**<u>धन्यवाद</u>**

**....................................**